# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, साउन २१ गते २०५३ साल (संख्या १७


## भाग ३

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको सूचना

खण्ड ४४, मिति २०५१।७।२८, अतिरिक्ताङ्क ३४ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचना अनुसार गठित निर्वाचन विशेष अदालतमध्ये सुदूर पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन विशेष अदालतबाहेक अन्य चारै विकास क्षेत्रअन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन विशेष अदालतको म्याद समाप्त भएको मितिले अर्को ६ महिनासम्मको लागि थप भएको सूचना खण्ड ४५, संख्या ४३, मिति २०५२।१०।२९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशन भएकोमा पूर्वाञ्चल र मध्यमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने जिल्लाहरूको लागि गठित निर्वाचन विशेष अदालतको म्याद समाप्त भएको मितिले पुनः अर्को ६ महिनासम्मको लागि थप गर्ने श्री ५ को सरकारबाट निर्णय भएकोले यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
सुरेसमान श्रेष्ठ
श्री ५ को सरकारको सचिव

309

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।